सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ७ ♦ अंक २१८ ♦ २०८१ साल वैशाख २२ गते शनिवार ♦ 4 May 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## अग्नि पीडितलाई आवास निर्माण संगै आर्थिक सहयोग गर्ने मधेश सरकारको घोषणा

**खबर दर्पण समाचारदाता**
**वैशाख २१ गते, महेन्द्रनगर**



आगलागी घटनाका पीडितहरुलाई मधेश प्रदेश सरकारले आवास निर्माण संगै दश हजार रुपैयाँ आर्थिक सहयोग गर्ने भएको छ । मधेश प्रदेश सरकारले विभिन्न जिल्लामा भएको आगलागी घटनामा परेर पीडित भएकाहरुकालागि सो निर्णय गरेको छ ।

गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीको अध्यक्षतामा शुक्रबार भएको प्रदेश विपद् व्यवस्थापन समितिको बसेको बैठकले प्रति परिवार १० हजार वितरण गर्ने निर्णय गरेको छ । सो बैठकले सर्लाही, सप्तरी र महोत्तरी जिल्लामा भएको आगलागीका कारणले ठूलो मात्रामा धनमालको क्षति भएको छ ।

तीन जिल्लाका सयौ भन्दा बढी घर तथा घरमा भएको धनमाल जलेर नष्ट भएपछि आगलागीका पीडितहरुलाई निकै समस्याबाट गुज्रिनु परिरहेको छ । आगलागीमा परेर घरबार गुमाएकाहरूलाई दिर्घकालीन व्यवस्थापनका लागि प्रदेश सरकारले आवासको निर्माण गर्ने विषयमा पनि प्रदेश विपद् व्यवस्थापन समिति छलफल भएको जनाइएको छ ।

प्रदेश सरकारले घोषणा गरेको रकम गृह, सञ्चार तथा कानुन मन्त्रालयले नै वितरण गर्ने गृहमन्त्री लेखीले बताए । उनले

बाँकी पृष्ठ २

## मधेस प्रदेश लोसपा सांसदीय दलका नेता शर्मा निलम्बित



**खबर दर्पण समाचारदाता**
**वैशाख २१ गते, बर्दिबास**

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका सांसद अभिराम शर्मालाई निलम्बन गरिएको छ। मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले शर्मालाई निलम्बन गरेका हुन् ।

महोत्तरीमा २०७२ सालमा भएको मधेश आन्दोलनको बखत सशस्त्र प्रहरीका असई थमन विक हत्या प्रकरणमा महोत्तरी जिल्ला अदालतबाट जन्मकैदको सजाय पाएका लोसपाका मधेश प्रदेश सभा सदस्य तथा संसदीय दलका नेता अभिराम शर्मालाई निलम्बन गरिएको प्रदेश सभा सचिवालयले जनाएको छ ।




**बर्दिवास मै पहिलो पटक**

अब शुभस्वस्तिकको आफ्नै भवनमा अत्याधुनिक मेसिनबाट सर्जरी सेवा तथा अन्य सेवासुविधा सहित नव वर्ष २०८१ वैशाख १ गते बाट १५ दिन सम्म विशेष छुटको अवसर मा रहेको सम्पूर्ण महानुभावहरुलाई सूचना गराउन चाहन्छौं।

**हाम्रा सेवाहरु:**

**लाप्रोस्कोपी सर्जरी, इनडोस्कोपी सर्जरी, युरोलोजी सर्जरी, डायोड लेजर २४सै घण्टा इमर्जेन्सी सेवा**



# औरही नगरपालिकामा ३ महिने सिलाई कटाई तालिम सम्पन्न



**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**वैशाख २१ गते, महोत्तरी**

औरही नगरपालिकामा संचालित ३ महिने सिलाई कटाई तालिम शुक्रबार सम्पन्न भएको छ ।

औरही नगरपालिकाको महिला बालबालिका तथा जेष्ठनागरिक शाखाद्वारा वडा ३ र ५ मा संचालन गरिएको ३ महिने सिलाई कटाई तलिम शुक्रबार सम्पन्न भएको हो ।

तालिममा सहभागी २९ जना महिलाहरूलाई समापन समारोहमा प्रमाणपत्र सहित दलित विपन्न १० जना महिलाहरूलाई रोजगारमा शिप सहित रोजगारमा संलग्न हुनको लागि एक-एक थान सिलाइ मेसिन समेत औरही नगरपालिकाले उपलब्ध गराएको छ ।

समापन समारोहमा शिपमुलक तालिमको माध्यमले नगर पालिकाबाट बेरोजगार समस्या समाधान गर्ने उद्देश्यले यो तालिम सञ्चालन गरिएको औरही नगरपालिकाका नगर प्रमुख प्रदिप कुमार खड्काले बताए।

औरही नगरपालिका ३ र ५ बाट सहभागी भएका महिलाहरु ४५ दिनको तालिम पश्चात् सोही स्थानकी रेनु कुमारी बिनको रोजाइमा पनि सिलाइ कटाइ परेको छ। उनले पनि आकर्षक डिजाइनको कपडा सिलाउने तालिम पूरा गरेकी हुन् । आकर्षक तरिकाले कपडा सिलाउन गाउँ घरमा वा बजार पुग्ने महिलाहरूलाई गाउँमै सेवा दिएर आम्दानी गर्ने उद्देश्यले आफू सिलाइ कटाइ पेशामा लागेको रेनु कुमारी बिनको कथन छ ।'

आजभोलि सबैले आकर्षक डिजाइनका कपडा सिलाउन चाहन्छन्' उनले भनिन्, 'तर, गाउँमा त्यो सुविधा छैन। गाउँमै राम्रो सिलाइ कटाइ गर्ने टेलरिङ पसल सञ्चालन गर्नसके सेवासँगै आम्दानीसमेत हुने भएकोले पसल खोल्ने तयारीमा लागेकी हुँ ।'

अघिल्लो वर्ष तीनमहिने तालीम र यो वर्ष ४५ दिने सिलाइ कटाइ तालिम दिएपछि औरही नगर पालिकाका महिलाहरू आफ्नै खुट्टामा उभिन सफल भएको औरही नगरपालिका नगर प्रमुख खड्का बताउँछन् । अब कोहि पनि महिला घरमा यस्तै बेरोजगार नबसी सबैले स्वरोजगार बनेर आफ्ना जिविकोपार्जन आफैले गरुन भन्ने उद्देश्यले यो तालिमको आयोजना गरी महिलाहरुलाई सिलाई कटाइ गर्ने तरिका सिकाइएको खड्काले बताउनुभयो ।

तालिममा सहभागी भएका सबै महिलाहरु आधारभुत सिलाई कटाईमा दक्ष भएको बताउँदै नगर प्रमुख खड्काले अब उनिहरुले सिलाई कटाई गरेर नै राम्रो आम्दानी गर्न सक्ने बताउनुभयो।

तालिममा सहभागी महिलाहरुलाइ आफ्नो निगरानीमा सिलाई कटाई तालिम गराएको महिला बालबालिका शाखा प्रमुख सबिना यादवले बताउनुभयो।

कार्यक्रममा औरही नगर पालिका वडा नम्बर ५ का वडा अध्यक्ष,सोनफी दसौं माबि बिधालयका प्राध्यापक,स्थानीय लगायत औरही नगरपालिकाका कर्मचारीहरुको सहभागीता रहेको थियो ।

# अग्नि पीडितलाई आवास निर्माण संगै आर्थिक सहयोग ............

आगलागीमा परेर पीडित भएकाहरूलाई कानुनी प्रक्रिया तथा कर्मचारी तन्त्रका कारणले राहत पाउनमा ढिलाइ भएकोमा दु:ख व्यक्त गर्दै यथाशीघ्र प्रक्रियाद्वारा पीडितको आवास निर्माणसमेत गरिने बताए । गर्मीयाम सुरु भएसँगै आगलागीका घटना बढ्न थालेको छ । पछिल्लो समय हरेक जिल्लामा आगलागीका घटना बढेको मधेश प्रदेश प्रहरीले जनाएको छ ।

प्रदेश प्रहरीले सङ्कलन गरेको विवरणमा हरेक जिल्लामा आगलागीका घटना भएका छन्। मधेशको सिरहा जिल्लामा सबैभन्दा बढी आगलागीको घटना भएको प्रहरीको तथ्याङ्ले देखाउँछ। आगलागीका घटना कम भएको जिल्ला सर्लाही रहेको छ। सिरहामा २१६ वटा र सर्लाहीमा १०६ आगलागीका घटना भएको छ । यसैगरी सप्तरीमा १७२, धनुषामा १४५, महोत्तरीमा १३०, रौतहटमा १८३, बारामा १२१ र पर्सामा १२८ वटा आगलागीको घटना भएको प्रदेश प्रहरीको तथ्याङ्क छ ।

आगलागीका कारण प्रदेशमा १० महिनाभित्र करिब आधा अर्ब बराबरको धनमाल जलेर खरानी भएको तथ्याङ्क छ । ८ वटै जिल्लामा करिब ४६ अर्ब भन्दा बढी रुपैयाँ बराबरको धनमाल जलेर खरानी भएको छ। प्रहरीका अनुसार सप्तरीमा ५ करोड ४१ लाख, सिरहामा ८ करोड २० लाख, धनुषामा ८ करोड ४९ लाख, महोत्तरीमा ४ करोड १४ लाख, सर्लाहीमा ४ करोड ४१ लाख रुपैयाँ बराबरको अनुमानित क्षति भएको छ । यसैगरी रौतहटमा ४ करोड ९८ लाख, बारामा ४ करोड १७ लाख र पर्सामा ५ करोड ७२ लाख रुपैयाँ बराबर को धनमाल जलेर नष्ट भएको प्रहरी विवरण छ ।

प्रदेशका अधिकांश जिल्लामा आगलागीको घटना भएको छ। दिनहुँजसो कहीँ न कहीँ आगलागीका घटना भइरहेका छन् । एक्कासी गर्मी बढेसँगै आगलागीका घटना बढ्न थालेको प्रहरीको भनाइ छ । मुख्यत: २ कारणले आगलागीका घटना भइरहेका छन्। प्राविधिक गडबडी र मानवीय लापर बाहीका कारण आगलागीका घटना भइरहेको छ ।






## नेपाल **राष्ट्र** बैंकको अनुरोध

- बैंक तथा वित्तीय संस्थामा खाता खोली मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ जस्ता सेवा प्रयोग गर्दा वा मोबाइल वालेट प्रयोग गर्दा त्यसमा तपाईंको मोबाइल र फोन नम्बर को प्रयोग भएको हुन्छ। त्यसमा तपाईंको खातासम्बन्धी महत्वपूर्ण विवरण जोडिएका हुन्छन् ।
- यदि कुनै कारणवश तपाईंले आफ्नो मोबाइल नम्बर परिवर्तन गर्नुभयो र तपाईंको पुरानो नम्बर अन्य व्यक्तिको प्रयोगमा आयो भने तपाईंको खातासम्बन्धी महत्वपूर्ण विवरणमा अनधिकृत पहुँच पुग्नसक्ने जोखिम हुन्छ ।
- त्यसैले, आफूले प्रयोग गरिरहेको मोबाइल हराएमा वा चोरी भएमा वा मोबाइल नम्बर परिवर्तन भएमा बैंक तथा वित्तीय संस्था वा भुक्तानी सेवा प्रदायक संस्थालाई यथाशीघ्र जानकारी गराउनुपर्दछ ।
- मोबाइल मार्फत वित्तीय सेवाको प्रयोग गर्दा आफ्नै नाममा दर्ता भएको सिमकार्ड र आधिकारिक एप्लिकेशन मात्र प्रयोग गर्नुपर्दछ ।

## सजग भई डिजिटल वित्तीय सेवा प्रयोग गरौं

# भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**वृष**- अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्। उपहारआदी प्राप्त हुनेछ। उपहारआदी प्राप्त हुनेछ ।

**मिथुन**-समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ।

**कर्कट** - अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिदैन।

**सिंह** -सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**कन्या** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**तुला** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**वृश्चिक** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**धनु** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**मकर** -आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कुम्भ**- व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**मीन** -मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। अपूरा कार्य पूर्ण हुनेछन्।

# पत्रकार विनय मृत्यु प्रकरण : यी प्रमाणहरुले शंकास्पद बन्यो घटना !

खबर दर्पण समाचारदाता
**वैशाख २१ गते, महेन्द्रनगर**

धनुषाका पत्रकार विनय कुमार यादवको मोटरसाइकल दुर्घटनामा मृत्यु घटना शंकास्पद बनेको छ । धनुषाको धनुषाधाम नगरपालिका ५ बस्ने रेडियो धनुषाधामका सञ्चालक तथा इन्युज ब्युरोका कार्यकारी सम्पादक २८ वर्षीय विनयको गत वैशाख ११ गते बिहान मृत्यु भएको थियो ।धनुषाका प्रहरी प्रवक्ता डिएसपी र ञ्जन अवाले दुर्घटनाको दिन विनयले चलाइरहेको प्रदेश ०२-००६ प ३०३५ नम्बरको मोटरसाइकल अनियन्त्रित भएर सडक छेउको रेलिङमा ठोक्किएर दुर्घटना हुँदा उनको मृत्यु भएको बताएका थिए । मोटरसाइकल पछाडि बस्ने मृतकका छिमेक ३० वर्षीय ललन भन्ने लक्ष्मी नारायण यादव समान्य घाएते भएको उनको भनाइ थियो । तर, पछाडि बसेको भनिएका लक्ष्मीनारायणले नै मोटरसाइकल चलाइरहेको दुर्घटना हनु भन्दा केही परको सिसीटिभी फुटेज फेला परेको छ ।

दुर्घटना भए अनुसार लक्ष्मीनारायणलाई समान्य चोटपटक तथा मोटरसाइकलमा समेत खासै क्षति नभएको कारण मृतक परिवार ले घटना शंकास्पद रहेको दावी गर्दै आएको छ । प्रहरीले समान्य घाइते लक्ष्मीनारायणलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको छ ।

डिएसपी अवाका अनुसार सुरुमा लक्ष्मीनारायणले आफू पछाडि बसेको भन्दै आएपनि पछिल्लो समय बयान फेरेका छन् । 'सुरुमा त लक्ष्मीनारायणले आफू पछाडि बसेको बयान दिएका थिए । अहिले उनले बयान फेरेर आफू मोटरसाइकल चलाइरहेको बयान दिइरहेका छन्' डिएसपी अवाले भने ।

यधपी डिएसपी अवाले मृतक यादवको पोस्टमार्टम रिपोर्ट र घटनास्थलको प्रकृतिले अहिलेसम्म मोटरसाइकल दुर्घटनाकै कारण मृत्यु भएको तर्क गरे ।

होटेलबाट घर फर्किरहेको बेला जनकपुर ढल्केवर सडक खण्डको मिथिला नगरपालिका ६ स्थित ढल्केवरचोकबाट करिब एक किलोमिटर दक्षिण बिहान ३ बजेर ५० मिनेटमा मोटरसाइकल दुर्घटना भएको थियो । गम्भीर घाइते पत्रकार विनयको उपचारको क्रममा प्रादेशिक अस्पतालमा करिब ६ बजे मृत्यु भएको थियो । परिवारजनका अनुसार पत्रकार विनय साथीहरुसित धनुषा लालगढकै होटेल मंगेश एण्ड गेष्टहाउसमा खाजा खाएर अबेर राति लक्ष्मीनारायण सित फर्किरहेका थिए ।


## मृत्यु अघि ज्यान मार्ने धम्की दिएको भन्दै प्रहरीमा शान्तिसुरक्षाको माग

मृतक विनयले केहीदिन अघि एकजनलो आफूसहित केही साथीलाई मारिदिने धम्की दिएकोविरुद्ध निवेदन इलाका प्रहरी कार्यालय धनुषाधाममा दिएका थिए । उनले धम्की दिनेलाई कारबाहीको साथै शान्ति सुरक्षाको माग समेत गर्दै चैत २८ गते निवेदन दिएको खुलेको छ ।

निवेदनमा विनयले आफूसहित अहिले प्रहरी हिरासतमा रहेका लक्ष्मीनारायण, रामपुकार यादव र विशेश्वर मण्डललाई स्थानीय २७ वर्षीय विरेन्द्र कुमार यादवले गालीबेज्जती गर्दै जिपले ठक्कर हानेर मारिदिने धम्की दिएकाले उनलाई कारबाहीको माग गरि एको निवेदनमा उल्लेख छ ।

मृतक विनयका भाई शंकर यादवले त्यस बेला इलाका प्रहरी कार्यालय धनुषाधामले निवेदन दर्ता गरेन । प्रहरी निरीक्षक किरण लामाले विनयले निवेदन दिएको स्वीकारे । 'विनयजीले निवेदन दिनु भएको थियो । दोश्रो पक्षबाट निवेदन परेपछि दुवै निवेदन दर्ता भएन । पछि विनयजीले आफै त्यो निवेदनमा केही नगर्नुपर्ने, कुरा मिलिसक्यो भन्नुभयो' प्रहरी निरीक्षक लामाले भने ।

यता मृतकका भाई शंकरका अनुसार निवेदनमा पीडित उल्लेख लक्ष्मीनारायणले पछि विरेन्द्रले केही गर्दैन भनेर अघि नबढ्न भनेपछि विनय पछाडि हटेका थिए । 'लक्ष्मीनारायणको नाम पनि संयुक्त निवेदनमा थियो । लक्ष्मीनारायणले दोश्रो पक्षसँग मिलेर अब दर्ता गर्नु पर्दैन भनेपछि विनय दाई पछि हट्नु भयो' शंकरले भने 'दुर्घटना विषयमा फेरेको बयान र अन्य तथ्य प्रमाणले लक्ष्मीनारायणको भूमिक शंकास्पद र षड्यन्त्रपूर्ण देखिन्छ'



## दुर्घटनापछि लक्ष्मीनारायणले धम्कीदिने पक्षलाई गरेका थिए फोन

दुर्घटना स्थलमा आफू बेहोस भएको लक्ष्मीनारायणले प्रहरी र मृतक आफन्त समक्ष बयान दिएका थिए । तर, उनै लक्ष्मीनार ायणले ज्यान मार्ने धम्की दिएका भनिएका दोश्रो पक्ष विरेन्द्र यादवका भाई धिरेन्द्र यादवलाई दुर्घटनास्थलबाटै तीनपटक फोन प्रयास गरेको खुलेको छ । ४ बजेर १७ मिनेटमा लक्ष्मीनारायणले धिरेन्द्रलाई तीनपटक फोन गरेको लक्ष्मीनारायणको मोबाइलमा कल हिस्ट्री भेटिएको हो ।

दुर्घटनापछि लक्ष्मीनारायणले धम्कीदिने विनयलाई गरेको फोन प्रयासको कल हिस्ट्री

विनयसँगै प्रादेशिक अस्पतालमा भर्ना भएका लक्ष्मीनारायणसित प्रहरीले मोवाइल नियन्त्रणमा लिएको थियो । यो कल हिस्ट्री र दुर्घटनामा फेरेको बयानले शंका थप बढाएको छ। विरेन्द्र जसत्तै भाइ धिरेन्द्रले पनि विनयलाई ज्यान मार्ने धाकधम्की दिने गरेको परिवारजनले बताएको छ। यस कारण घटनास्थलबाट धिरेन्द्रलाई लक्ष्मीनारायणले किन फोन गर्यो भन्ने ठूलो शंकाको विषय बनेको छ ।

## खाजा खाएको होटेलको सिसिटीभी फुटेज र पठाएको म्यासेज पनि शंकास्पद

विनय दिउँसै लक्ष्मीनारायणसहितका साथीसित बाहिर निस्केका थिए । साँझ ढल्केवरको एक होटेलमा खाजा खाएर लालगढको मंगेश होटेलमा खाजाखान पुगे । त्यहाँ लामोसमय बसेका थिए । त्यस होटेलमा राति साथीहरुसंगको सिसिटीभी फुटेजमा देखिएको हाउभाउ र घरमा भाउजूलाई पठाएको आउन नदिएको संदेशले पनि घटना शंकास्पद रहेको भाई शंकरको भनाइ छ ।

विनयले साथीहरुले आफूलाई घर आउन नदिँदा ढिलो भएको भन्ने श्रीमती रुबिना यादवलाई फेसबुक म्यासेन्जरमा राति १२ बजेर ३२ मिनेटमा भ्वाइस म्यासेज गरेका थिए । श्रीमतीले पटक पटक घर आउन फोन गर्दा विनयले भ्वाईस मेसेजमा मैथिलीमा भनेका थिए"तपाई सुतिहाल्नु यहाँ गुलाब छ, ललन छ, धामी छ, लक्ष्मण छ, ईन्जिनीयरहरु छ, ड्राई भरहरु छ । खाना प्याक गरेर राखेको छु, यीनीहरुले आउन दिएको छैन । हेर्नु न, आउन मिल्छ भने म आउँछु, तर पक्का आउँछु नै ।"

परिवारजनका अनुसार विनयको मृत्यु अघि र पछि लक्ष्मी नारायणले विरेन्द्र, उनका भाई धिरेन्द्र संगको सम्बन्ध, फोनमा भएको कल हिस्ट्रीले घटना शंकास्पद बनेको छ । 'घटना अघि र पछि लक्ष्मीनारायणको धम्की दिएकासंगको सम्बन्ध, दुर्घटना स्थलबाट धिरेन्द्रलाई कुरा गर्न खोजेको फोन हिस्ट्री, दुर्घटनामा लक्ष्मीनार ायणले फेरेको बयानले शंका गर्ने प्रयाप्त आधारहरु छन् । नियोजित रुपमा विनय दाईको हत्या नै भएको हाम्रो शंका छ । सुक्ष्म अनुसन्धान हुनुपर्छ' भाई शंकरले भने ।

धनुषाका प्रहरी उपरीक्षक (एसपी) भुवनेश्वर तिवारीले लक्ष्मीनार ायणलाई हिरासतमै राखेर विभिन्न कोणबाट अनुसन्धान गरिरहेको बताए ।

'अनुसन्धानको विषयमा धेरै कुरा भन्न मिल्दैन । लक्ष्मीनारायण हिरासतमै छन् । हामी विभिन्न कोणबाट अनुसन्धान गरिरहेका छौं' एसपी तिवारीले भने ।

यता प्रेस युनियन धनुषाले सामेबार एक विज्ञप्ती जारी गर्दै अहिलेसम्मको प्राप्त तथ्य प्रमाणले घटना संकास्पद रहेकाले सुक्ष्मरुपमा अनुसन्धान गरी दोषीलाई कारबाही गर्न माग गरेको छ ।

# पत्रकार यादवको मृत्यू घटना अध्ययन गर्न ४ सदस्यीय टोली गठनः महासचिव पुरी

ईन्यूज ब्यूरो डटकमका कार्यकारी सम्पादक एवम् रेडियो धनुषाधामका सँचालक समेत रहेका पत्रकार विनय कुमार यादवको शंकास्पद मृत्यू प्रकरणमा पत्रकार महासंघ केन्द्रीय समितिले ४ सदस्यीय टोली बनाएको छ ।

पत्रकार यादवको मृत्यूको घटना शंकास्पद रहेको बताउँदै पत्रकार महासँघ केन्द्रीय समितिका महासचिव रोशन पुरीले ४ सदस्यीय टोली गठन गरिएको जानकारी दिएका छन् । विहिवार बसेको महासंघको केन्द्रिय कार्यसमितिको बैठकले घटना प्रति चासो व्यक्त गर्दै गम्भिरता पुर्वक छलफल मात्र गरेन केन्द्रिय सचिव दिपेन्द्र चौहानको नेतृत्वमा मधेशवाट प्रतिनिधित्व गर्ने चार केन्द्रिय सदस्य सहितको टोली नै बनाएर घटना बारे अध्यन्न गर्ने निर्णय गरेको हो ।

केन्द्रिय समिति बैठकले गम्भिर रुपमा लिएको र टोली बनाएर अध्यन्न गर्दै स्थानिय प्रहरी प्रशासनलाई गम्भिर रुपमा अनुसन्धानका लागि दबाब दिने तयारी गरेको हो, केन्द्रिय सदस्य रिंकु मिश्र गायत्रीले बताइन् । महासंघ केन्द्रिय समितिले पछिल्लो समय सञ्चार माध्यमहरुमा आएको समाचार र तथ्यले घटना रहस्यपुर्ण रहेको ठहर समेत गरेको केन्द्रिय महासचिव पुरीले बताए ।

धनुषाधाम नगरपालिका वडा नम्वर ५ नौयसविघा निवासी मृतक पत्रकार विनयको घटनामा केन्द्रिय समिति उत्सुकता र चासो देखाएपनि महासंघ धनुषा शाखा मौन रहेको भन्दै स्थानिय पत्रकार असन्तुष्टि जाहेर गर्न थालेको छ ।

घटनाको दिन पत्रकार यादवको दुर्घटनामा मृत्यू भएको आशयको विज्ञप्ती जारी गरेर धनुषा शाखा मौन भई बस्नु दुःखद रहेको उनीहरुको गुनासो छ ।

महासंघको केन्द्रिय समितिको सोहि बैठकबाट महासंघको तिनै तहको नयाँ नेतृत्व चयनका लागि अगामि जेष्ठ १९ गते निर्वाचन गर्ने निर्णय समेत गरेको छ ।

# औरहीमा मिटर व्याजी पिंडितको नाममा भएको घटनाको भर्त्सना गर्दै कार्वाहीको माग

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**वैशाख २१ गते, महोत्तरी**

महोत्तरीको औरहीमा भएको मिटर व्याजी पिंडितको नाममा भएको गत बुधवार भएको सामाजिक सदभावमा खलल पुर्‍याउने घटनाको स्थानीय राजनीतिक दलहरुबाट भर्त्सना गर्दै कार्वाहीको माग गरेका छन्। औरही नगरपालिकाका नगर प्रमुख प्रदिप कुमार खड्काको अध्यक्षतामा शुक्रवार बसेको सर्वदलिय सर्वपक्षिय भेलाले उक्त घटनाको घोर भर्त्सना गर्दै कार्वाहीको माग गरेका छन् । बैठकले औरही बजार नगर पालिका वडा न. १ स्थित औरही बजार क्षेत्रमा कथित मिटर व्याजी पिंडितको नाममा बाहिर बाट मान्छेहरु हाथ हातियार, लाठी फट्टा सहित गुन्डागर्दी शैलीमा प्रदर्शन गर्न खोज्दा केहि गाउलेहरु सामाजिक सदभाव कायम राख्न उनीहरुलाई



सम्झाई बुझाई गर्दा वाहिरवाट आएका व्यक्तिहरुले लाठी प्रहार गर्न थाले पछि तनाव र झडप भएको निष्कर्ष निकालेका हुन्। बैठकले त्यस्ता किसिमको गतिविधि यस औरही नगर भित्र हुन नदिन राजनैतिक दल एवंम् नागरिक समाज बुद्धिजीवी, व्यापारीहरुको तर्फबाट एक्यबद्धता जाहेर गर्दै यस्ता गतिविधि गर्नेहरु माथि कानुन वमोजिम कडा भन्दा कडा आवश्यक कार वाहीको माँग गरेको छ।

बैठकमा लोसपा नगर संयोजक दरेश यादव, नेपाली काँग्रेस नगर सभापति योगेन्द्र यादव, एमाले नगर संयोजक रामचन्द्र महतो, माओवादी नगर पार्टी प्रतिनिधि रविन्द्र चौधरी , जसपा नगर संयोजक महेन्द्रकुमार राय र उद्योग वाणिज्य संघ औरहीका श्रवण चौधरीको उपस्थिती रहेको थियो ।

# मधेश सरकारको संस्कृति मन्त्रालय बजेट विहीन

**खबर दर्पण समाचारदाता**

**वैशाख २१ गते, बर्दिवास**

मधेश सरकारको संस्कृति मन्त्रालय बजेट विहीन रहेको छ । शिक्षा तथा संस्कृति मन्त्रालयको संस्कृति तर्फ एक पैसा बजेट नरहेको मन्त्रालयका कार्यकारी सचिव महेन्द्र महतोले बताए ।

बजेट नहुँदा संस्कृति मन्त्रालय तर्फको कुनै काम अघि बढ्न सकेको छैन। 'संस्कृति तर्फ बजेट नै छैन । त्यसैले त्यस तर्फको कुनै काम हुन सकेको छैन' कार्यकारी सचिव महतोले भने 'शिक्षा मन्त्रालय तर्फ मात्र काम भइरहेको छ ।'



उनले अब आगामी आर्थिक वर्षमा संस्कृति मन्त्रालय तर्फ बजेट विनियोजन हुने बताए । गत असोज तेस्रो साता मुख्यमन्त्री सरोजकुमार यादवले शिक्षा तथा समाज कल्याण मन्त्रालय फुटाएर शिक्षा तथा संस्कृति मन्त्रालय र खेलकुद तथा समाज कल्याण मन्त्रालय बनाएका थिए ।

तत्कालीन जनमतका महेश प्रसाद यादवले सम्हालेका शिक्षा तथा समाजकल्याण मन्त्रालय फुटाएर तत्कालीन विनाविभागीय मन्त्री जसपाकी सुरिता साहलाई खेलकुद तथा समाज कल्याण मन्त्रीको जिम्मेवारी दिइएको थियो । शिक्षा तथा संस्कृति मन्त्रीको भने यादवलाई नै दिइयो । अहिले उक्त मन्त्रालयको जिम्मेवारी एमालेका प्रमोद जयसवालले सम्हालेका छन् ।


## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**मटिहानी नगरपालिका, महोत्तरी**

## हावाहुरी र आगलगीबाट बचौँ

सुख्खा र तातो मौसम चढे लगत्तै हावाहुरीको सम्भावना अधिक भएकोले जथाभावी आगो नबालौं।

बालबालिकाहरुलाई सलाई, लाईटर वा घुँरको आगोबाट टाढा राखौं।

फागुनदेखि बैशाखसम्म सुख्खा मौसम पश्चिमी वायु चल्दा सुख्खापनले आगो लाग्ने सम्भावना अधिक हुन्छ, आगो बालेर नछाडौं।

घरको छाना, घर लगत्तै अधिक मात्रामा सुख्खा दाउरा नराखौं, दाउरा राखेपनि आगोबाट अधिक टाढा राखौं।

माथिल्लो छतहरुमा राखिएको फूलको गमलाहरु हावाहुरीमा सुरक्षित राखौं।

सवारी साधन चलाउने बेलामा हावाहुरी आउँदा रोकेर बसौं।

**विदेह नगरपालिका, धनुषा**

## डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
९८५४०२१३९५, ९७४८४५७४९०

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा घाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा